त्रिभुवन विश्वविद्यालय
इन्जिनियरिङ्ग अध्ययन संस्थान
प्रवेश परीक्षा बोर्ड

**शैक्षिक बर्ष २०७३/०७४ को स्नातक (बी.ई./बी.आर्क) तहको विद्यार्थी भर्नाका लागि**

# प्रवेश-परीक्षा सम्बन्धी विस्तृत सूचना

त्रि.वि. इन्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गतका आङ्गिक क्याम्पस र सम्बन्धन प्राप्त कलेजहरुमा शैक्षिक वर्ष २०७३/२०७४ का लागि स्नातक (बी.ई./बी.आर्क.) तहका विभिन्न कार्यक्रमहरुमा भर्नाका लागि **सूचना प्रविधिको आधारमा कम्प्यूटर परीक्षा प्रणालीको विधि मार्फत संचालन गरिने प्रवेश-परीक्षा** इन्जिनियरिङ्ग अध्ययन संस्थान, सूचना तथा संचार प्रविधि केन्द्र (ICTC), पुल्चोकमा मिति २०७३ श्रावण २६ गते देखि भाद्र ०६ गतेसम्म तोकिएको समय र शिफ्ट अनुसार संचालन गरिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

इन्जिनियरिङ्ग अध्ययन संस्थान अन्तर्गतका आंगिक क्याम्पस तथा सम्बन्धन प्राप्त कलेजहरु र तिनीहरुमा संचालित कार्यक्रमहरु निम्नअनुसार रहेका छन्।

| आङ्गिक क्याम्पसहरु : | सम्बन्धन प्राप्त कलेजहरु : | |
|---|---|---|
| • केन्द्रीय क्याम्पस, पुल्चोक।<br>• थापाथली क्याम्पस, थापाथली।<br>• पूर्वाञ्चल क्याम्पस, धरान।<br>• पश्चिमाञ्चल क्याम्पस, पोखरा। | • कान्तिपुर इन्जिनियरिङ्ग कलेज<br>• काठमाण्डौ इन्जिनियरिङ्ग कलेज<br>• हिमालय इन्जिनियरिङ्ग कलेज<br>• एड्भान्स्ड कलेज अफ इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट<br>• नेशनल कलेज अफ इन्जिनियरिङ्ग | • काठफोर्ड इन्टरनेशनल कलेज अफ इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट<br>• जनकपुर इन्जिनियरिङ्ग कलेज<br>• ख्वप: कलेज अफ इन्जिनियरिङ्ग<br>• सगरमाथा इन्जिनियरिङ्ग कलेज<br>• ललितपुर इन्जिनियरिङ्ग कलेज |

**कार्यक्रमहरु :** १. सिभिल इन्जिनियरिङ्ग २. इलेक्ट्रिकल इन्जिनियरिङ्ग ३. इलेक्ट्रोनिक्स एण्ड कम्प्युनिकेशन इन्जिनियरिङ्ग ४. मेकानिकल इन्जिनियरिङ्ग ५. कम्प्युटर इन्जिनियरिङ्ग ६. एग्रिकल्चर इन्जिनियरिङ्ग ७. इण्डष्ट्रियल इन्जिनियरिङ्ग ८. जियोमेटिक्स इन्जिनियरिङ्ग ९. आर्किटेक्चर १०. अटोमोवाईल इन्जिनियरिङ्ग

**१. आवेदनका लागि न्यूनतम योग्यता**

१.१ त्रि.वि. वा त्यसबाट मान्यता प्राप्त शिक्षण-संस्थाबाट भौतिक शास्त्र, रसायन शास्त्र तथा २०० पूर्णाङ्कको गणित विषय लिई प्रविणता प्रमाणपत्र तह, उच्च माध्यमिक तह वा A Level वा इन्जिनियरिङ डिप्लोमा तह वा सो सरहको परीक्षामा कूल पूर्णाङ्कको कम्तिमा ४५% अङ्क प्राप्त गरी उतीर्ण गरेको वा अन्तिम परीक्षामा सम्मिलित भएका विद्यार्थीहरुले पनि आवेदन दिई प्रवेश-परीक्षामा सहभागी हुन पाउनेछन्।

१.२ विदेशी नागरिकहरुले पूर्णशुल्कीय कार्यक्रममा मात्र आवेदन दिन पाउनेछन्।

**२. आवेदन फारम भर्ने विधि तथा आवश्यक कागजातहरु**

२.१ इन्जिनियरिङ्ग अध्ययन संस्थानको Website: http://entrance.ioe.edu.np मा राखिएको प्रवेश परीक्षाको आवेदन फारम आवेदक स्वयमले भरी online बाट सोही Website मार्फत नै बुझाउनु पर्नेछ।

२.२ **Website मा Online Form मिति २०७३।०४।०६ गते बिहान १०:०० बजेदेखि मिति २०७३।०४।२० गते वेलुका ५:०० बजेसम्म मात्र उपलब्ध हुनेछ। तसर्थ उक्त अवधिभित्र कुनैपनि समयमा फाराम भरी सक्न सूचित गरिन्छ। तोकिएको समय पश्चात Online फर्म स्वत:बन्द हुनेछ।**

२.३ आवेदन फारम Internet सुविधा भएको कुनै पनि स्थानबाट तोकिएका दिनहरुमा कुनै पनि समयमा भर्न सकिनेछ।

२.४ इ.अ.स.को प्रवेश परीक्षा शुल्क वापतको रकम रु. २,०००।-(अक्षेरेपी रुपैया दुई हजार मात्र) नेपाल भित्रको **सिध्दार्थ बैंक लि.को** कुनै पनि शाखावाट इ.अ.सं. प्रवेश परीक्षाको लागि सो बैंकवाट तयार गरिएको विशेष भौचर भरेर **खाता नं.००९१५०५६०६४** मा जम्मा हुने गरी शुल्क बुझाइ सकेको हुनु पर्नेछ। साथै Online Form भर्दा सो भौचरको नम्वर समेत अनिवार्य रुपमा भर्नु पर्नेछ।

२.५ आवेदकले फर्म भर्दा दिइएको निर्देशनलाइ अनिवार्य रुपमा पालना गर्दै निम्नानुसारका जानकारीहरु भर्नु पर्नेछ।
* आवेदकको परिचय: आफ्नो, बुवाको, आमाको नाम * जन्म मिति
* स्थायी ठेगाना * S.L.C. र I.Sc/10+ 2/A level/Engg. Diploma वा सो सरहको नतिजा वारेको बिवरण
* हालसालै खिचिएको ३ से.मी.× ३.५ से.मी. (300 ×350 Pixel) को पूर्ण निधार देखिने Plain Background भएको Color Digital Photo हुनुपर्नेछ, अन्य Size को Photo स्वीकार्य हुनेछैन।
* हरेक शिफ्टमा परीक्षार्थीको संख्या सीमित भएको हुंदा निवेदकले सकेसम्म चांडो फाराम भरी आफूलाई अनुकूल हुने अगाडीका दिनहरुको मिति तथा शिफ्ट निश्चित गर्नु पर्नेछ।

२.६ Online Form भर्दा आफूलाई परिचय गराउने फोटो र हस्ताक्षर सहितको प्रमाण पत्र (जस्तै: I. Sc../10+2/ Engg. Diploma को प्रवेश-पत्र वा नागरिकताको प्रमाण-पत्र वा पासपोर्ट) को नम्बर उल्लेख गरी त्यसको Digital छांया प्रति पनि पेश गर्नु पर्नेछ।

२.७ परीक्षा फर्म भरी सकेपछि तत्काले Acknowledgement page print गर्नु पर्नेछ।

२.८ विधिवत रुपमा Online Form भरेका आवेदकहरुले आफनो नाम भए, नभएको निश्चित गरी अन्यथा भएमा प्रवेश परीक्षा वोर्डमा मिति २०७३।०४।२३ गते ३.०० वजे सम्म सम्पर्क गर्नु पर्नेछ।

२.९ प्रवेश परीक्षाको लागि प्रवेश-पत्र आफैले Download गरेर Colour Print गर्नु पर्नेछ। प्रवेश परीक्षामा सम्मिलित हुन अनिवार्य रुपमा प्रवेशपत्र प्रस्तुत गर्नु पर्नेछ।

२.१० प्रवेश परीक्षा दिन आउदा प्रवेश-पत्रको साथै परिचय खुलाउने सक्कल प्रमाणपत्र पनि ल्याउनु पर्नेछ।

**३) प्रवेश परीक्षा सम्बन्धी जानकारी**

३.१ सूचना प्रविधिको आधारमा कम्प्यूटर परीक्षा प्रणालीको विधिबाट संचालन हुने प्रवेश परीक्षाका प्रश्नहरु वस्तुगत (Objective) हुनेछन्। प्रश्न संख्या १०० हुनेछन् र गलत उत्तरको लागि **10% Negative Marking** गरिने छ।

३.२ I. Sc./10+2/A level/Engg. Diploma वा सो सरहको पाठ्यक्रमको आधारमा इ.अ.सं प्रवेश परीक्षा वोर्डले प्रकाशित गरेको पाठ्यक्रम अनुसार English, Mathematics, Physics, Chemistry र Engineering Aptitude बिषयहरुमा दुई घण्टा अवधिको कम्प्यूटर परीक्षा प्रणालीको विधिबाट परीक्षा लिइनेछ।

**प्रवेश-परीक्षा तथा भर्ना सम्बन्धी अन्य थप जानकारी इ.अ.सं. को Website: http://entrance.ioe.edu.np मा पछि उपलब्ध गराईने प्रवेश परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धी पुस्तिका, २०७३ बाट प्राप्त गर्न सकिनेछ।**

**(Foreign students are informed to visit the official website http://entrance.ioe.edu.np for detail information)**

**द्रष्टव्य : त्रि.वि. इन्जिनियरिङ्ग अध्ययन संस्थानद्वारा शैक्षिक बर्ष २०७३ मा संचालनहुने स्नातक तह बी.इ./बी.आर्क प्रबेश परीक्षा उतिर्ण गर्ने परीक्षार्थीहरु नेपाल सरकार, शिक्षा मन्त्रालयको छात्रबृत्ति सम्बन्धी नियमावली अनुसार तोकिएको कानुनी मापदण्ड पुरा गरेमा सो मन्त्रालयद्वारा २०७३/०७४ मा प्रदान गरिने उच्च शिक्षाका छात्रबृतिहरुको प्रयोजनका लागि समेत उम्मेदवार हुन योग्य हुनेछन्।**